**नेपाल ग्रामीण विकास बैंक लि.**
**प्रधान कार्यालय,वुटवल**

**सवारी साधन (पिकअप) खरिद गर्ने बारेको**
**सिलबन्दी बोलपत्र आह्वानको सूचना**
(प्रथम पटक प्रकाशित मिति : २०७३/१०/१८)

**बोलपत्र नं : NGBBL/BUT./ 01/073/74**

यस कार्यालयको लागि तोकिएको स्पेशिफिकेशन बमोजिम सवारी साधन (पिकअप) थान २ आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१ सिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ५:०० बजेसम्म यस बैंकको प्रधान कार्यालय ,वुटवल सामान्य सेवा विभागबाट पछि फिर्ता नहुने गरी रु.३०००।– (अक्षरेपी तिन हजार) मात्र बुझाई खरिद गर्न सकिनेछ ।

२ बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नु पर्नेछ

३ बोलपत्र फाराम साथ बोलपत्र जमानत वापत आफुले कवोल गरेको कुल रकमको ५ प्रतिशतले हुन आउने रकममा नघटने गरी हुने रकम यस बैकको नाममा रहेको एन. एम. वि. बैक शाखा कार्यालय बुटवल स्थित खाता न.००५०००००१९१ C मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन मान्य अवधि रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

४ प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२:०० बजेभित्र यस कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ । सोको भोपिल्ट दिउंसो २:०० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । तर बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

५ बोलपत्र सम्वन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल ग्रामीण विकास बैक आर्थिक प्रसाशन विनियममावली २०७२ (प्रथम संशोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा यस बैकको सामान्य सेवा विभागमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

६ यो सूचना यस बैंकको वेभसाइट www. grameenbanknepal.com मा पनि हेर्न सकिनेछ ।

**नेपाल ग्रामीण विकास बैंक लि.**
**प्रधान कार्यालय, बुटवल**